# GoGo Foundation Award-2015
# द्वारा
# सम्मानित विरामीका आस्था
# प्राध्यापक डा. भगवान कोइराला

## संक्षिप्त पृष्ठभूमि



नेपालको पाल्पा जिल्लामा जन्मिएका र स्वदेश तथा विदेशबाट उच्च शिक्षा हासिल गरेका प्राध्यापक डा. भगवान कोइराला चर्चित मुटुरोग विशेषज्ञ हुन् । सन् १९८९ मा आवासीय चिकित्सकका रूपमा त्रिवि शिक्षण अस्पतालबाट सेवा प्रवेश गरेका कोइराला अहिले नेपालका भरोशायोग्य सम्मानित डाक्टर हुन् ।

यी डाक्टर र बिरामीका बीचमा अत्यन्त भावनात्मक सम्बन्ध छ । बिरामी भन्छन्, "उनी हाम्रा लागि भगवान हुन्" । उनलाई धेरैले "लिभिङ्ग गड" तथा "नेशनल हिरो" उपमा दिएका छन् । अस्पताल आएका विरामी भन्छन् "उहाँलाई देखाउन पाए आधा रोग यत्तिकै निको हुन्छ ।" उनी मुटुको धड्कन बन्द भैसकेका बिरामीलाई पनि धड्कन फर्काउने अन्तिम प्रयास छोड्दैनन्, र भन्छन्, "मैले जीवनमा यस्ता थुप्रै मिर्‍याकल देखेकोछु ।"



त्यसैले विरामी र उनका आफन्तहरू यी डाक्टरलाई एकपटक भेटेर नमस्कार गरी धन्यवाद दिन घण्टौं लाइनमा पर्खिरहन्छन् । उनी दिनमा १२ घण्टा अस्पतालमै बिताउँछन् । डा. कोइराला दिनमा ७० देखि ८० जना विरामीको उपचारमा संलग्न हुन्छन् । उनी मुटुको अपरेसनमा ९६ प्रतिशतसम्म सफल भएका छन् ।

हालसम्म १४ हजारभन्दा बढी विरामीको मुटुको अपरेसन गरिसकेका छन् । उनले सन् १९९७ मा Open-Heart Surgery गरेर आफ्नो मुटुरोग विशेषज्ञको क्यारिएर शुरू गरेका थिए । उनले नेपाल सरकारको सहयोगमा सन् २००३ मा "Poor Patient Relief" कार्यक्रम सञ्चालन गरेका थिए । सो कार्यक्रमले बालबालिका तथा बृद्धहरूको मुटुको उपचारमा सहयोग पुऱ्याउने उद्देश्य लिएको थियो ।



उनी विरामीका लागि सहज पहुँचमा रहन्छन् । उनी तनावमा पनि हाँस्न सक्ने डाक्टरका रूपमा परिचित छन् । हालसम्म विभिन्न १२ वटा भन्दा बढी सरकारी तथा गैरसरकारी संघसंस्थाहरूबाट पुरस्कृत भैसकेका छन् । उनले ४ दर्जनभन्दा बढी विषयगत लेख रचना प्रकाशित गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेमिनारमा कार्यपत्र पेश गरेका छन् ।

त्यसो त डा. कोइराला विरामीका मात्रै डाक्टर होइनन्, आफू कार्यरत सहिद गंगालाल हृदयरोग केन्द्रको कार्यकारी निर्देशक हुँदा होस् वा त्रिवि शिक्षण अस्पतालको कार्यकारी निर्देशक हुँदा होस् यिनले संस्थागत नेतृत्वको जिम्मेवारी पनि उत्तिकै प्रभावकारी रूपमा निर्वाह गरेका छन् । उदाहरणको रूपमा गंगालाल केन्द्रको कार्यकारी निर्देशक हुँदा (२०५८ बैशाख १४ देखि २०६६ बैशाख १३ गतेसम्म) उनले छोटै अवधिमा सो अस्पतालको सेवालाई प्रभावकारी र विश्वासिलो बनाएर राष्ट्रिय रूपमा चर्चित अस्पतालको परिचित गराउन सफल भएका थिए । सो अस्पतालबाट विश्वासिलो र भरपर्दो सेवा दिन थालेपछि मुटुको उपचारका लागि विदेश जाने विरामीको संख्यामा ह्वात्तै कमी आएको थियो ।

डा. कोइरालाले गंगालाल केन्द्रको नेतृत्व उत्कृष्ट ढङ्गबाट निर्वाह गरेकाले त्रिवि शिक्षण अस्पतालको लथालिङ्ग व्यवस्थापनमा पनि सुधार ल्याउनका लागि त्रिवि प्रशासनले उनलाई सो अस्पतालको कार्यकारी निर्देशकको जिम्मेवारी दियो (२०६९ मंसीरदेखि २०७० फागुनसम्म) । उनले छोटै अवधिमा सुधारका धेरै प्रयास गरे, सफल

पनि भए । सो पद वहाली भएको ३ महिना पनि नपुग्दै उनको सुधारका प्रयासलाई असफल बनाउने प्रयास भएपछि सो पदबाट राजिनामा दिए तर तत्कालिन प्रधानमन्त्रीले राजिनामा फिर्ता लिन अनुरोध गरेपछि पुनः "रहर नभए पनि बाध्यता"ले सो पदमा फर्किएर आफ्ना सुधारका प्रयासलाई निरन्तरता दिएका थिए । साथै स्वःस्फूर्त रूपमा सेवाग्राहीले पनि अस्पताल सँगै त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान डीनको कार्यालय अगाडि "भगवानलाई फर्काउ" लेखिएको नारासहित दिनहुँ उभिएर उनको समर्थनमा जुटे ।



गंगालाल अस्पतालमा सुधार मात्रै होइन, उनले थीति, नीति र विधि बसाउने काम गरे । जसमा आर्थिक सुशासन, पारदर्शीता र विरामीकेन्द्रीत सेवाको विकास गरे ।

विगतमा सरकारले त्रिवि शिक्षण अस्पताललाई दिने निश्चित रकमबाहेक कुनै विकासको बजेट थिएन । तर उनकै पहल र नेतृत्व क्षमताको विश्वास गरेर सरकारले तत्काल भवनका लागि ६ करोड र उपकरणका लागि २२ करोड रूपैयाँ दिएको थियो । उनी सो अस्पतालमा कार्यकारी निर्देशक भएर आउँदा ६६ करोड ऋणमा डुबेको थियो । विरामीले पाउने सामान्य सुविधा पाएका थिएनन् र कर्मचारीले पनि समयमा तलब पाएका थिएनन् ।



यसमा सुधार ल्याउनका लागि उनी विभिन्न निकायबाट २ करोड चन्दा संकलन गर्न सफल भए । नयाँ बेड थपिए, कुनैपनि बेड खालि नराख्ने योजना बनाइयो । तीन महिनाभित्र आर्थिक

अवस्थामा सुधार गरे । यसबाट सञ्चालन खर्चको जोह हुनपुग्यो । त्रिवि शिक्षण अस्पताल प्रशासनमा अनुशासन कायम गरेर वार्षिक ८० लाख ओभरटाईममा खर्च हुने गरेको रकम रोकियो, बेरूजु घट्यो । आफू आउनुभन्दा २ वर्षअघिको लेखापरीक्षण सम्पन्न गरी आर्थिक पारदर्शिता कायम गर्ने तथा कानुनको पालना गर्ने संस्कारको विकास गर्न योगदान गरे । साथै सामान किन्दा लिने गरिएको कमिशन रोक्ने काम गरे । र, अस्पतालभित्रको अनियमिततालाई रोक्न शून्य सहनसिलताको सुरूवात भयो । अस्पताल आफ्नै खुट्टामा उभिनुपर्छ भन्ने सोचको विकास गरियो ।

त्यसपछि उनको सवल नेतृत्वका कारण अहिले त्रिवि शिक्षण अस्पतालमा विस्तारै सुधारका संकेत देखिन थालेका छन् । उनी सो अस्पताललाई अस्पताल मात्रै नभै प्रभावकारी सेवाका लागि अस्पताललाई प्राज्ञिक थलो पनि बनाउनुपर्छ भन्छन् । हाल उनी सो पदमा नरहे तापनि उनको यो अभियान जारी छ । साथै उनले नै शुरू गरेको अभियानबाट हाल मनमोहन कार्डियाक सेण्टरले वार्षिक ५ करोड मुनाफा गर्न सकेको छ । साथै सो सेन्टरमा बेरूजु शून्य रहेको छ ।




त्यसैले डा. भगवान कोइरालाको यस्तो उदाहरणीय योगदानको मूल्यांकन गरी *GoGo Foundation* ले यसैवर्षदेखि स्थापना गरेको ***GoGo Foundation Award-2015*** बाट समानित गर्ने निर्णय गरेको छ । पुरस्कृत व्यक्तित्व चयनका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्यायको संयोजकत्वमा नेपाल सरकारका पूर्व मुख्यसचिव लिलामणी पौडेल, प्राज्ञ तथा टीआई नेपालकी उपाध्यक्ष गिताकेसरी र GoGo Foundation का अध्यक्ष केदार खडका सदस्य रहेको समितिले छनोट गरेको थियो । यो पुरस्कारमा विशेष सम्मानपत्र र रू ११,१११ नगदसहित ***GoGo Foundation Runing Award*** रहेको छ ।


**सम्पर्कः**

**GoGo Foundation**

**पोबनं. ११२२९,**

**फोनः ४२२७७०३**

**अनामनगर, काठमाडौं**

**E-mail: info@gogofoundation.org**

**Website: www.gogofoundation.org**